बागमती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
झुरझुरे, मकवानपुर
बागमती प्रदेश, नेपाल
☏ ९८५५०८८४६६
☏ ९८५५०१०६०७

प.सं. : २०७७/०७८
च.नं. : १४५४

प्रकाशित मिति :- २०७७।१०।०८ गते

## पुराना घरहरुको अभिलेखीकरण र नयाँ घरहरुको नयाँ नक्सा पास गर्ने सम्बन्धि

## अत्यन्त जरुरि सुचना

प्रस्तुत बिषयमा यस गाउपालिकाको चालु आ.ब. २०७७/०७८ देखि गाउपलिका भित्र रहेका पुराना घरहरुको अभिलेखीकरण तथा नयाँ घरहरुको नयाँ नक्सा पास गर्ने अभियान सुरु गरिसकेको व्यहोरा सबैलाई जानकारी गराइन्छ । सो सम्बन्धमा बनिसकेका भूकम्प प्रतिरोधी पक्की भबनहरुको अभिलेखीकरण चालु आ.ब. को अन्त्य अर्थात २०७८ असार मसान्त सम्म मात्र कायम रहने व्यहोरा समेत सुचित गरिन्छ । चालु आ.ब. भित्र कसैले आफ्ना घरहरु गाउपालिकामा अभिलेखिकरण नगरेमा कानुन बमोजिम जरीवाना भरेर मात्र अभिलेखीकरण गरिने व्यहोरा यो सुचनाद्वारा सम्बन्धित सबैलाई जानकारी गराइन्छ । साथै यो सुचना प्रकाशित भैसकेपछिको मितिबाट बन्ने घरहरु गाउपालिकाबाट नक्सा पास गरेर मात्र बनाउन सकिने छ । यस सुचनाको बर्खिलाप हुने गरि नयाँ नक्सा पास नगरी कसैले बनाएको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही गरिने व्यहोरा समेत सुचित गरिन्छ ।

नयाँ तथा पुराना घरहरुको नयाँ नक्सा तथा अभिलेखीकरण कार्यका लागि तपशिल बमोजिमको कागजात सहित गाउपालिकामा सम्पर्क राख्नुपर्दछ ।

१. जग्गा धनीको लालपुर्जाको फोटोकपी - १ प्रति
२. जग्गाको प्रमाणित ब्लुप्रिंट नक्सा - १ प्रति
३. जग्गाको चार किल्ला र कित्ता नं.
४. सम्पति कर तिरेको रसिद
५. आर्किटेक्चरल नक्साहरु - ३ प्रति
६. स्ट्रक्चरल नक्साहरु - ३ प्रति
७. स्यानिटरी र इलेक्ट्रिकल नक्साहरु - ३ प्रति

प्रमुख प्रशासकीय अधिकृत

Email: bagmatimun.makwanpur@gmail.com, Website: www.bagmatimunmakawanpur.gov.np

बागमती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
झुरझुरे, मकवानपुर
बागमती प्रदेश, नेपाल

☏ ९८५५०८८४६६
☏ ९८५५०१०६०७

प.सं. : २०७७/०७८
च.नं. : १४५४

८. 'क' र 'ख' बर्गको भबनहरुको हकमा

क ) पाच वर्ष अनुभब भएको सिभिल इन्जिनियर वा स्ट्रक्चर इन्जीनियर द्वारा NEC Regd. No. उल्लेख गरि प्रमाणित गराएको Structural Designed Report र Design Confirmation Letter .

ख ) नेपाल इन्जिनियर काउन्सिल दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।

९ कन्सल्टेन्सी फर्मको गाउपालिका दर्ताको नबिकरण भएको प्रतिलिपि ।

१० सुपरभाइजर / कन्सल्टेन्ट र घरधनी बिचको सम्झौता पत्र ।

११ ठेकेदार / निर्माणकर्मी र घरधनी बिचको सम्झौता पत्र ।

१२. ठेकेदार / निर्माणकर्मिको गाउँपालिका दर्ताको नविकरण भएको प्रमाणपत्र

.........................
रामप्रसाद सापकोटा
प्र.प्र. अधिकृत

Email: bagmatimun.makwanpur@gmail.com, Website: www.bagmatimunmakawanpur.gov.np